जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क-४२, २०८३ जेठ १४ गते विहीबार, 28 May 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

सुरक्षा स्थायित्व र समृद्धिको पर्याय



द्रुत गतिमा,द्रुत मार्ग

○सरिता दाहाल

मकवानपुर ।नेपाल सरकारको गौरवको योजना अन्तरगत रहेको बहुप्रतीक्षित काठमाडौं–तराई–मधेश द्रुतमार्ग आयोजना रफ्तारमा निर्माण भइरहेको नेपाली सेनाले दावी गरेको छ ।

जमिनमूनि गर्नुपर्ने फाउण्डेशनको कामहरू अधिकांश सकिएकोले अब तोकिएको समयमा काम सक्नको लागि सरकारको केही समन्वय आवश्यक रहेको नेपाली सेनाले संकेत गरेको छ । मुलुकको राष्ट्रिय गौरवको आयोजना तथा पूर्वाधार विकासको पहिलो प्राथमिकतामा सूचीकृत सो आयोजना निर्माणको निर्धारित समय करिब ११ महिना बाँकी रहँदा ललितपुरको खोकना बाहेकको क्षेत्रको अधिकांश काम सकिएको नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले बताउनु भयो ।

निर्धारित समय आगामी चैत मसान्तमा सकिदै छ । खोकना क्षेत्रको जग्गा विवादको कारण यस क्षेत्रमा काम बाँकी भएको भएपनि अन्य काम सक्नको लागि समस्या नभएको सेनाका प्रवक्ता सहायक रथी बस्नेतले बताउनु भयो ।

२०८२ बैशाख मसान्तसम्म आयोजनाको समष्टिगत भौतिक प्रगति ४७ दशमलब ५६ प्रतिशत र वित्तीय प्रगति ४७ दशमलब ४५ प्रतिशत पुगेको छ । प्रतिशतको आधारमा हेर्दा आधा काम पनि नसकिएको देखिए पनि अब बाँकी कामको रफ्तार बढी हुने आयोजना प्रमुख नेपाली सेनाका उपरथी धर्मेन्द्रकुमार झाले बताउनु भयो । “बढी समय लाग्ने, अफ्ठ्यारा र चुनौतिपूर्ण कामहरू, जमिनमुनि गर्नुपर्ने कामहरू सकिएकोले अब कामको स्पीड नै धरै हुन्छ” झाले भन्नुभयो “सरकारले सहज सहजिकरण गर्‍यो भने हामी तोकिएको समयमा काम सक्ने छौं ।”

यद्यपि निर्धारीत समयमित्र काम सकिने संभावनामा भने नेपाली सेनामा पनि शंका छ । फास्ट ट्रयाक सुरूवाती समयदेखिको खोकना क्षेत्रको विवाद अझै सुल्झाउन सकिएको छैन । अब सो विवादको टुङ्गो लगाउँदै तेस्रो पटक म्याद थपको माग गर्ने पक्षमा नेपाली सेना रहेको छ ।

हालसम्म के के बन्यो

कुल लम्बाइ ७० दशमलब ९६६ किलो मिटर भएको काठमाडौं –तराइ–मधेश फास्ट ट्रयाकमा ७ वटा सुरूङहरू रहने छन् । जसमा २ वटा सुरूङमार्गहरू लेनडाँडा र धेद्रे निर्माण सम्पन्न भइ ब्रेक थ्रु भइसकेको छ। आगामी असार मसन्तसम्म सबैभन्दा लामो माहदेवटार सुरूङ मार्ग निर्माण सम्पन्न हुदैछ ।

फास्ट ट्रयाकमा १ किमीको देवीचौर सुरूङमार्ग, शुन्य दशमलब ३९ किमीको सिसौटार सुरूङ मार्ग, २ दशमलब २३७ किमीको चन्द्राम भीर सुरूङ मार्ग, ३ दशमलब ४५५ किमीको महदेवटार सुरूङ मार्ग, १ दशमलब ६९१ किमीको धेद्रे सुरूङ मार्ग, १ दशमलब ६३२ किमीको लेनडाँडा सुरूङ मार्ग र शुन्य दशमलब ५८३ किमीको मौरी भीर सुरूङ मार्ग छन् ।

हासम्म काम सुरू नै नगरिएको देवीचौर र मौरी भीर सुरूङ मार्गको काम नयाँ सम्झौता पछि हुनेछ । देवीचौर सुरूङ मार्ग खोकना विवादको कारण समस्यामा छ । भने मौरी भीर सुरूङ मार्ग निर्माण स्थालको भौगोलिक संरचना धेरै संवेदनशील भएको कारण सेनाले अन्य काम सकेर गर्ने योजना बनाएको छ ।

“मौरी भीरको सुरूङ मार्ग सबैभन्दा बढी संवेदनशील भएर गर्नुपर्ने छ” आयोजना प्रमुख झाले भन्नुभयो “त्यहाँको डाडाँमा हामीले अध्ययन गर्दा चट्टान नै भेटेका छैनौ, पुरै माटो माटो छ, त्यसैले एकदम जतनले काम गर्नुपर्ने छ ।”

सेनाले पहिरोको संभावना भएको भुगोलमा रिट्रेनिङ वाल बनाउँदै काम गरेको छ । यसियन हाइवे मापदण्ड अनुसार बन्ने फास्ट ट्रयाकमा ८९ वटा पुलहरू बन्ने छन् । जसको दुइतर्फको कुल लम्बाइ ३५ दशमलब ७७ किमी हुन्छ । पुलको चौडाइ एकातर्फमात्रै ११ दशमलब ८ किमी छ ।

८९ स्थानका पुलमध्ये ५६ स्थानका पुलहरुको फाउन्डेसन, ३८ स्थानका पुलको सब स्ट्रक्चर र १६ स्थानका पुलको सुपर स्ट्रक्चरको कार्य सम्पन्न भइसकेको छ । आयोजना अन्तर्गत रहेका जम्मा ८९ स्थानका पुलमध्ये ८५ स्थानका पुलको ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेको तथा बाँकी चार स्थानका पुलमा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको छ । ती खोकना खण्डमा अवस्थित छन् ।

फास्ट ट्रयाकमा खोकना, बुदुने र निजगढमा गरी ३ वटा इन्टर चेन्जहरू छन् । सुरूङ मार्गको समग्र सडक निर्माण प्रगति हालसम्म ४७ दशमलब ११३ किमी सकिएको छ भने ७ किमी कालोपत्रे सकिएको आयोजना प्रमुख उपरथी झाले बताउनु भयो ।

सात हजार विरूवा रोपियो

फास्ट ट्रयाक निर्माणको क्रममा विभिन्न सामुदायिक वनको ५५ हजार ३०४ वटा रूख काटिएको थियो । जसको सोधभर्ना स्वरूप नेपाली सेनाले ७ लाख ५ हजार ५१२ वटा विरूवा हुर्काएर सामुदायिक वनलाई हस्तान्तरण गरेको छ । आयोजना प्रमुख झाका अनुसार सेनाले १ रूख काटे वापत २५ वटा विरूवा रोक्नुपर्ने सर्त अनुसार कुल ५८६ हेक्टर जमिनमा उक्त विरूवा रोपेको हो ।

विवादको टुङ्गो भएन

काठमाडौंतिरबाट आयोजनाको प्रस्थानबिन्दु मानिएको ललितपुर जिल्लाको खोकना बुङमती क्षेत्रमा जग्गा अधिग्रहण, मुआब्जा विवाद सुरूवाति समयदेखि नै छ । जसले गर्दा अहिले पनि सेनाले सरकारको समन्वय र दरिलो निर्णय प्रतिक्षा गरिरहेको छ ।

यहाँको सांस्कृतिक सम्पदा संरक्षणको विषय समाधान हुन नसक्दा सो द्रुतमार्गको काम अपेक्षित रुपमा अगाडि बढाउन नसकिएको द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा पाएका नेपाली सेनाको भनाइ छ ।कठिन भौगोलिक बनावट, वन क्षेत्रको रूख कटानमा प्रक्रियागत ढिलाइ र वैदेशिक ठेकेदार कम्पनीको व्यवस्थापकीय कमजोरी सेनाको लागि अर्को चुनौति भएको छ ।

खोकना बुङ्गमती क्षेत्रमा दुई सय १४ रोपनी जग्गाको मूल्य निर्धारण भई मुआब्जा वितरण हुन बाँकी छ भने एक सय ६५ रोपनी जग्गाको मूल्य निर्धारण हुन सकेको छैन । यो क्षेत्रमा कुल तीन सय ७९ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ ।

यसैगरी नेपाली भौगोलिक बनोटको कारण पनि आफूहरूलाइ समस्या भएको प्राविधिक सेनानी निराजन थापा बताउँनु हुन्छ । सकिने लागेको काम पहिरोको कारण फेरी गर्नुपर्ने, प्राविधि परिक्षणभन्दा फरक भुगोलको बनावटको कारण पनि आफूहरूलाई लागतमा समस्या भएको उनले बताए ।

नेपाली सेनाका सहायक रथी तथा प्रवक्ता बस्नेतले द्रुतमार्ग आयोजनाको मुख्य समस्या भनेको आयोजनाको प्रस्थानबिन्दुमा जग्गा अधिग्रहणको विषय रहेको बताउनुभयो । “त्यो विवादको टुङ्गो नलाग्दा समस्या भएको हो” उहाँले

पेज ६ मा

इन्साइड ---- स्टोरी

चलचित्रमा न्याय खोजिरहेका दलित



विचार
पेज २ मा
मधु शाही

प्रदेशको नीति तथा कार्यक्रम समृद्धिको सपना



पेज ३ मा

विपद प्रतिकार्यबारे नमुना प्रदर्शनी



पेज ४ मा

शक्तिशाली राष्ट्र भवनले नभई मानवताको सम्मानले बन्छ: देवकोटा
पेज ४ मा

वातावरणीय तथा सामाजिक उत्थानशीलता परियोजना सुरु
पेज ५ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

विभेदकारी विज्ञापन नीति खारेज गर

चलचित्रमा पनि न्याय खोजिरहेका दलित



मधु शाही



दलित पात्रलाई केन्द्रमा राखेर बनेका पछिल्ला दुई चलचित्रले दर्शक रूवायो । दर्शक रूनु भनेको अहिले चलचित्र निर्माण पक्ष सफल हुनु र धन कमाउनु हो । दुई वर्षअघि चलचित्र 'पूर्णबहादुर को सारंगी' ले बाउछोराको गरिबीले निम्त्याएको संघर्ष देखाउन गन्धर्म समुदायको खोत्रको सारंगीलाई ढाल बनायो ।

अहिले विरोधपश्चात् प्रदर्शन भइरहेको चलचित्र 'लालीबजार' ले पनि आमाछोरीको जीवन संघर्ष देखाउन बादी समुदायले भोग्नुपरेको गहिरो घाउ अर्थात् देह व्यापारलाई कोट्याएको छ, दुखाएको छ ।

यी दुवै चलचित्रले एउटै प्रश्न गर्छन् बाउ छोराको संघर्ष र आमाछोरीको संघर्ष देखाउन दलित समुदायका पात्र नै किन रोजाइमा ? यद्यपि यी दुवै चलचित्र दर्शकले मन पराए । दुवै चलचित्रमा एक पक्षका दर्शक दु:खी पनि भए । भलै उनीहरुको पीडा बजारको भीडमा मौन हुन बाध्य छ । हालै प्रदर्शन भइरहेको चलचित्र 'लालीबजार' बारे डिजिनेटी इनिसिएटिभले मार्टिन चौतारीमा छलफल चलायो । विनीता नेपाली र अमर विश्वकर्माले 'नेपाली चलचित्रमा जातको चित्रण र यसको सामाजिक राजनीतिक प्रभाव' शीर्षकमा गरेको अध्ययन प्रस्तुत गरिएको थियो ।

त्यसमा विनीताले अध्ययनको निष्कर्षमा चलचित्रमा देखाइएका दलित पात्रलाई प्रोटेक्ट (संरक्षक) गर्ने जहिले पनि कथित उपल्लो वर्गको समूह वा पात्र देखाउने प्रवृत्ति औंल्याएकी थिइन् । उनका अनुसार, अहिलेसम्म बनेका कुनै पनि चलचित्रले दलित समुदायको उत्थान र मुद्दामा रुपान्तरणकारी प्रभाव पार्न सकेका छैनन् । बिचरा पात्र, मनोरञ्जन, निरीह र हारेको भावमा मात्रै दलित पात्र र मुद्दा प्रस्तुत गरिएको उनको अध्ययनको निष्कर्ष छ ।

अनुसन्धानका क्रममा पञ्चायतकालमा बनेका चलचित्रदेखि २०६२/६३ पछिको आमूल राजनीतिक परिवर्तनमा बनेका चलचित्रसम्मको समीक्षा गरिएको थियो । नेपालको पहिलो चलचित्र सन् १९६४ मा बनेको 'आमा' सँगै नेपाली चलचित्रको यात्रा सुरू भएको हो । त्यसपछिका 'माइतीघर', 'परालको आगो', 'पण्डित बाजेको लौरी', 'कालो पोथी', 'प्रकाश' लगायत चलचित्रमा अप्रत्यक्ष रुपमा दलित पात्रको दृश्य देखाइएको छ । त्यसपछि दलितकै मुद्दामा बनेको चलचित्र 'सिमाना', 'बाटो मुनिको फूल', 'प्रसाद', 'सुनपानी', 'प्रसाद २', 'पुजार सार्की', 'वसन्त' हुन् ।

यी सबै चलचित्रको मूल्यांकन गरेकी अध्येता विनीताले पञ्चायत व्यवस्थामा बनेका चलचित्रमा देखिएका पात्र अहिलेका दलित मुद्दाका चलचित्रभन्दा केही मानवीय दृष्टिले संवेदनशील देखिएको सुनाइन् । 'पञ्चायतकाल खण्डमा निर्माण भएका चलचित्रमा दलित पात्रलाई मानव संवेदनाले हेरिन्थ्यो', उनी भन्छिन्, 'अहिले दलित पात्र हँसाउने र रूवाउने पात्र बनेका छन् । मुद्दा उठानप्रति गहिरो र वास्तविक अध्ययन भएको देखिँदैन ।'

'लालीबजार' प्रदर्शनीसँगै विरोधका लागि सडकमा उत्रिएका थिए । गोपाल नेपाली बादी । उनले चलचित्र हेरेपछि आँसु पुछ्दै फर्किएको बताउँदै भने, 'अरु बादी महिलाको रोदन देखेर रोएका थिएँ, म मेरो समुदायकी चेलीको अपमान भएको सम्झेर रोएँ ।' गोपालले अचेल फेसबुक र स्टाटसहरुमा 'लालीबजार, बादीबजार, नालीबजार' भनेर मानिसले उडाउन थालेकामा दु:ख भावसमेत व्यक्त गरे । 'हाम्रो कथाको यथार्थ देह व्यापार मात्रै होइन ।

अन्यायविरूद्धको कथा हो', उनले भने, 'तर, हामीले चलचित्रमा पनि न्याय नपाएको महसुस भयो ।' गोपालले भनेजस्तै, 'लालीबजार ' चलचित्रले बादी समुदायका महिलाले शोषणका रुपमा भोग्दै आएको पुरानो घाउ कोट्याएको हो, जहाँ चलचित्रले पुरानो घाउमा मल्हम लगाउन भने बिर्सिएको छ ।

चलचित्रमा दलित पात्र उभ्याउनु गलत होइन, दलितका मुद्दा उठान गर्नु पनि अपराध होइन । तर, त्यो समुदायको मुद्दा र पात्रलाई चलचित्रले न्यायपूर्ण अवतरण गराउन सकेको छ कि छैन ? यो विषय अहम् हो ।

पक्कै पनि दलित समुदाय इतिहासकालदेखि नै कला, संस्कृति, भोगाइ र वेदना सबैका दृष्टिले अनमोल छन् । प्रत्येक दलितका अनुहार मा समाजले जबर्जस्ती थोपरेका गहिरा चोट छन् । 'मान्छे हुँ' भन्न खोज्दा निमिट्यान्ने पार्ने क्रूर समाजको चक्रव्यूहमा रूमलिएको दलितको इतिहास साँच्चिकै रोदनपूर्ण छ ।

त्यस्तै न्याय गुमेको चलचित्र हो 'लालीबजार' । पात्र छनोटमै प्रश्न छ । आमा र छोरीको संघर्ष देखाउन के बादी समुदायकै महिला नै जरूरी थियो ? देह व्यापार रहरको पेसा होइन । राज्यसत्ता र तूलाबडाले दमन गरेर आफ्नो मनोरञ्जनका लागि कुनै समुदायलाई शोषण हुन बाध्य पारिन्छ भने त्यो राज्य व्यवस्थाप्रति प्रश्न गर्नु चलचित्रको दायित्व होइन ?

चलचित्र संस्कार र संस्कृति विकास गराउने एक प्रकारको 'सफ्टपावर' पनि हो । 'लालीबजार' हेरेपछि दर्शकले 'बिचरा बादी' महिलाको भाष्य निर्माण गर्छन् । चलचित्र निर्माता पक्षले दावी गरेजस्तो बादी महिला पात्र (मधुवाला) को अब्बल संघर्ष देखिँदैन । ती पात्र रूँदैमा वा कराउँदैमा अब्बलता झल्किँदैन । उनले परिवर्तनका लागि चाल्ने आँठ र साहस उनकै हुनुपर्छ ।

चलचित्रमा नारायण पात्रले निधारमा लगाएको रातो टीका र ढाकाटोपीजस्तो भेषभूषाले उपल्लो वर्गको संकेत गर्छ । तिनै उपल्लो वर्गका नारायण पात्रले ज्ञान दिएपछि मधुवालाले छोरी पढाउन संघर्षको यात्रा थाल्नु नै चलचित्रमा बादी महिलाको विद्रोही पक्ष छायामा परेको छ ।

सन्तान जन्माउने आमा र काजीको दमन भोग्दै आएकी मधुवालाको भोगाइ नै आफैंमा चेतनाको भण्डार हुन सक्छ । चेतना अक्षर पढेर मात्रै होइन, भोगाइले पनि पलाउँछ । त्यो मधुवाला पात्रमा निर्देशकले देख्न सकेनन् या चाहेनन् । त्यसैले चलचित्रमा सुपेरियर पुरूष र उपल्लो वर्गको पात्र उभ्याइएको छ । यसले चलचित्रमा पनि बादी महिला पात्रलाई दोस्रो दर्जामै देखाउने प्रयास गरिएको छ । चलचित्रको मूल पात्र मधुवाला हुनुपर्ने हो तर, हरेक सिनको टर्निङ प्वाइन्टमा पुरूष पात्र छन् ।

मधुवाला अर्थात् बादी महिला त्यो टर्निङ प्वाइन्टको अभियन पात्र बनेकी छन् ।चलचित्रमा मधुवालालाई सुरूमा यौनकर्मप्रतिको स्वीकार्य भावमा देखाइन्छ, जुन हाम्रो समाजको यथार्थभन्दा विपरीत छ । चलचित्रमा निरन्तर अपराध गर्दै आएको सम्भ्रान्त परिवारको काजी पात्रलाई कुनै खालको अपराध बोध गराइएको छैन ।

लामो समयदेखि निरन्तर चलिरहेको दलित आन्दोलनको ध्येय केवल समुदायको मुक्ति होइन । समाज, राष्ट्र र राज्यमा सबैखाले विभेदको अन्त्य हो । दलितको चित्कारले मानवरुपी समाजको अपिल गर्छ । यदि चलचित्र रुपान्तरणको आधार हो भने समाजको पिँधमा परेका दलित, सीमान्तकृत र महिलाको चरित्रलाई केवल मनोरञ्जन र बजार पक्षमा मात्रै केन्द्रित गर्नु हुँदैन ।

अब 'लालीबजार' को 'लाली' देखाउनुभन्दा 'लाली' लगाउन बाध्य पारिएको त्यो संरचना भत्काउने रचनात्मक चलचित्रको खाँचो छ । पूर्णबहादुरलाई सारंगी बजाएर मगन्ते देखाउनुको सट्टा सारंगीको सम्मान गर्ने संस्कारको सन्देश दिन जरूरी छ । मान्छेमाथि विभेद गर्ने मान्छेको मगज रुपान्तरण गर्न बाध्य बनाउने रचनात्मक चलचित्रको खाँचो छ । दलित समुदायले समाजमा झैं चलचित्रमा पनि न्याय खोजिरहेका छन् ।

इकान्तिपुरबाट

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८३ जेठ १४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रदेशको नीति तथा कार्यक्रम समृद्धिको सपना

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि नीति तथा कार्यक्रम सार्वनिक गरेको छ ।

बागमती प्रदेश सभामा प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । प्रदेश सरकारले नीति तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा रहेको पाइएको छ । स्वास्थ्य संस्थामा विशिष्टीकृत सेवामा नागरिकको पहुँच बढाउने प्रदेश सरकारको निश्चित लक्ष्य राखेको नीति कार्यक्रममा उल्लेख छ ।

स्वास्थ्य उपचारको अभावमा कोही पनि प्रदेशवासीले दु:ख पाउन नपरोस् भन्ने मूल मर्मलाई आत्मसाथ गरिएको जनाइएको छ । आगामी वर्षदेखि प्रदेशमा डिजिटल स्वास्थ्य प्रणाली, दूर-चिकित्सा (टेलिमेडिसिन) र विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गरिने नीति तथा कार्यक्रममा भनिएको छ ।

नागरिकले घरमै बसेर स्वास्थ्य परामर्श लिन सक्ने र अस्पतालमा लाइन लाग्नुपर्ने झन्झट कम गर्न सरकारी अस्पतालहरूलाई प्रविधिमैत्री बनाउँदै एकीकृत मेडिकल रेकर्ड र अनलाइन सेवा प्रणालीमा जोड्ने नीति लिइने भएको छ ।

यसैगरी दुर्गम क्षेत्रका जोखिमयुक्त गर्भवती तथा सुत्केरी महिलाहरूको ज्यान जोगाउन प्रदेश सरकारले नि:शुल्क हवाइ उद्धार कार्यक्रमलाई निरन्तरता दिने सरकारको नीति लिएको छ । मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको पहुँच विस्तार गरी बाल र मातृ मृत्युदर घटाउने लक्ष्य लिइएको हो । प्रादेशिक अस्पतालहरूमा जटिल रोगहरु क्यान्सर, मुटु रोग, मानसिक स्वास्थ्य र डायलासिस सेवाको पहुँचमा अभिवृद्धि गरिने नीति लिइएको छ ।

यसैगरी जलनको उपचार, कृत्रिम गर्भाधान र विशेषज्ञ आँखा सेवाको विकास र विस्तार लाई नीति तथा कार्यक्रममा समेटिएको छ । एलोपेथिक र आयुर्वेद चिकित्सालाई एकीकृत गरी स्वास्थ्य सेवा प्रवाह गर्ने र स्वास्थ्य पर्यटनलाई प्रोत्साहन गर्ने नयाँ योजना समेत ल्याइने सरकारको घोषणा रहेको छ ।

आधुनिक जीवनशैलीका कारण बढ्दो डर, चिन्ता, डिप्रेसन र तनाव जस्ता मानसिक समस्या सम्बोधन गर्न प्रादेशिक राजधानी हेटौँडामा प्रदेश गौरवको आयोजनाको रूपमा एक आरोग्य केन्द्र स्थापना गर्ने, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरी विशेषज्ञ जनशक्ति उत्पादनमा जोड दिने, बागमती विश्वविद्यालयलाई विशिष्टीकृत प्राविधिक विश्वविद्यालयको रूपमा रूपान्तरण गरिने नीति सरकारले लिएको छ।

प्रदे सरकारले एक घर, एक धारा: सुरक्षित र गुणस्तरीय खानेपानीको पहुँच विस्तार गरी पानीजन्य रोगहरू न्यूनीकरण गर्ने, महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध द्रुत उद्धार र मनोसामाजिक परामर्श सेवा विस्तार गर्ने, सरकारी सेवा र भौतिक पूर्वाधारहरूलाई अपाङ्गतामैत्री र पहुँचयोग्य बनाइनेछ ।

सडकमा आश्रित असहाय व्यक्तिहरूको उद्धार र पुन: स्थापनालाई निरन्तरता दिने सरकारको नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने भएको छ ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रीकीकरण र आधुनिकीकरणलाई मुख्य प्राथमिकतामा राखिएको छ ।



प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत 'सुखी नागरिक, समृद्ध बागमती'को लक्ष्यसहित सेवा प्रवाहलाई छरितो, डिजिटल र नागरिकमैत्री बनाइने उल्लेख गरिएको छ । नीति तथा कार्यक्रममा हेलो सीएम डेस्क स्थापना, अनलाइन प्रोजेक्ट मोनिटरिङ सिस्टम सञ्चालन, डिजिटल ट्रान्सफर्मेसन, भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता तथा मन्त्रालय पुनर्संरचनालाई प्राथमिकता दिइएको छ ।

यसैगरी प्रदेश सरकारले प्रदेश सरकार अन्तर्गतका सरकारी भवनहरूको बीमा गर्ने नीति अवलम्बन गर्ने भएकोछ । भवन सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गरी भवनहरूको मर्मत सम्भार व्यवस्थित गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेश सरकारले कृषिलाई पनि प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याएको छ । कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण र बजारीकरणमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिने, प्रदेशलाई प्रमुख कृषि उपजमा आत्मनिर्भर तथा निर्यातमुखी बनाइने, बाली तथा पशुधन बीमा कार्यक्रमलाई विस्तार गरिने नीति लिएको छ ।

प्रदेश सरकारले औषधि तथा औद्योगिक कच्चा पदार्थको रुपमा सुरक्षित र व्यावसायिक गाँजा खेतीलाई व्यवस्थित गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ ।

नीति तथा कार्यक्रममा भनिए अनुसार आगामी आर्थिक वर्षमा जिल्लागत सम्भावनाका आधारमा खाद्यान्न, फलफूल, तरकारी, तेलहन, दलहन, पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास गरिनेछ । कृषि प्रसार सेवा, माटो परीक्षण तथा जलवायु मैत्री कृषि प्रविधिलाई विस्तार गरिनेछ । खाद्य स्वच्छता सुनिश्चितताको लागि मुख्य मुख्य शहर र फार्महरूमा मोबाइल खाद्य परीक्षण गर्ने प्रविधियुक्त प्रणाली कार्यान्वयन गरिनेछ ।

सरकारी फार्म केन्द्रहरूलाई अनुसन्धान तथा प्रविधि प्रसारको हबका रुपमा विकास गर्दै नेपाल कृषि अनुसन्धान परिषद् र विश्वविद्यालयसँग सहकार्य गरी नविनतम् परिक्षणहरू सञ्चालन गरिनेछ। कृषि, पशुपन्छी तथा मत्स्य विज्ञानको क्षेत्रमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई बागमती प्रदेशको समस्यामा आधारित अनुसन्धानमा संलग्न गराई शोधकार्यमा सहयोग प्रदान गरिनेछ।

कृषि उत्पादन वृद्धि गरी प्रदेशलाई आत्मनिर्भर बनाउने र निर्यातमुखी अर्थतन्त्रको विकास गर्ने लक्ष्य लिइएको छ । प्रदेश सरकार ले आगामी वर्षमा गाँजा खेतीको व्यावसायिक र कानुनी प्रबन्धलाई प्राथमिकता दिने भएको छ । औषधि तथा औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोगका लागि सुरक्षित र व्यावसायिक गाँजा खेतीलाई व्यवस्थित गर्न आवश्यक कानुनी प्रबन्ध मिलाइने घोषणा सरकारले गरेको हो ।

प्रदेश सरकारले कृषि क्षेत्रमा हरेक वडाको विशिष्टताका आधारमा उत्पादन बढाउन 'एक वडा - एक कृषि उत्पादन' कार्यक्रम सञ्चालन गर्ने भएको छ । सामूहिक खेती र उत्पादनमा आधारित अनुदान प्रणालीलाई थप पारदर्शी र प्रभावकारी बनाइने नीति लिइएको छ ।

युवाहरूलाई कृषि उद्यमशीलतामा आकर्षित गर्न 'प्रदेशको शान, परिश्रमी किसान' अभियान सञ्चालन गरिनेछ। कृषि तथा पशुपालन व्यवसायमा लाग्न चाहने उद्यमीहरूका लागि सहुलियतपूर्ण कर्जा र ब्याज अनुदानको व्यवस्था मिलाइने कार्यक्रममा उल्लेख छ ।

किसानले पाउने र उपभोक्ताले तिर्ने मूल्यको अन्तर (मिडलम्यानको प्रभाव) घटाउन स्थानीय तहमा कृषि बजार केन्द्रहरूको सुदृढीकरण गरिनेछ भने हेटौँडामा निर्माण भएको प्रदेश कृषि थोक बजारलाई तत्काल सञ्चालनमा ल्याइने सरकारको योजना छ ।

माटोको रक्षाका लागि प्राङ्गारिक मल उत्पादन गर्ने कारखाना स्थापनामा निजी क्षेत्र र स्थानीय तहसँग साझेदारी गर्ने, मुख्य सहर र फार्महरूमा मोबाइल खाद्य परीक्षण प्रयोगशाला सञ्चालन गरी खाद्य स्वच्छता सुनिश्चित गरिनेछ । 'खाद्य सुरक्षाका लागि उत्पादन र उत्पादनका लागि सिँचाइ' भन्ने नाराका साथ परम्परागत कुलो, पोखरी र लिफ्ट सिँचाइलाई प्राथमिकता दिइनेछ। कृषि क्षेत्रमा प्रयोग हुने ऊर्जामा सहुलियत र सोलार पम्प पाइलट प्रोजेक्टहरू सञ्चालन गरिने नीति लिइएको छ।

पशुहरूमा लाग्ने खोरेत जस्ता महामारी नियन्त्रणका लागि खोप अभियान र आकस्मिक टोली परिचालन गरिनेछ । बाली तथा पशुधन बीमा कार्यक्रमलाई थप विस्तार गरिने सरकार को योजना छ।

बाँदर लगायतका वन्यजन्तुबाट कृषि उपज जोगाउन वासस्थान व्यवस्थापन गर्ने र प्रभावित किसान परिवारलाई राहत तथा बीमाको व्यवस्था गर्ने, सरकारले सरकारी कृषि फार्महरूलाई अनुसन्धान र प्रविधि प्रसारको हबको रूपमा विकास गर्ने र कृषि विधाका विद्यार्थीहरूलाई शोधकार्यमा संलग्न गराई कृषि क्षेत्रको समस्या समाधानमा परिचालन गर्ने लक्ष्य समेत राखेको छ।

प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत 'सुखी नागरिक, समृद्ध बागमती'को लक्ष्यसहित सेवा प्रवाहलाई छरितो, डिजिटल र नागरिकमैत्री बनाइने उल्लेख गरिएको छ । नीति तथा कार्यक्रममा हेलो सीएम डेस्क स्थापना, अनलाइन प्रोजेक्ट मोनिटरिङ सिस्टम सञ्चालन, डिजिटल ट्रान्सफर्मेसन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता तथा मन्त्रालय पुनर्संरचनालाई प्राथमिकता दिइएको छ ।

आर्थिक क्षेत्रतर्फ उत्पादन, उद्यमशीलता र रोजगारी सिर्जनामा जोड दिँदै स्टार्टअप इकोसिस्टम निर्माण, युवालाई सहुलियतपूर्ण कर्जा, स्थानीय उत्पादनको ब्राण्डिङ तथा औद्योगिक ग्राम विकास गर्ने नीति लिइएको छ। कृषि क्षेत्रलाई आत्मनिर्भर र निर्यातमुखी बनाउने लक्ष्यसहित 'एक वडा-एक कृषि उत्पादन' कार्यक्रम सञ्चालन, कृषि थोक बजार स्थापना, प्रांगारिक मल कारखाना निर्माण तथा व्यावसायिक गाँजा खेती व्यवस्थापनका लागि कानुनी प्रबन्ध गरिने जनाइएको छ ।

पूर्वाधार विकासअन्तर्गत सडक स्तरोन्नति, पुल निर्माण, विद्युतीय सवारीसाधन प्रवर्द्धन, अटोमेटिक ड्राइभिङ टेस्ट ट्र्याक निर्माण तथा सबै जिल्लाबाट यातायात सेवा विस्तार गरिने नीति अघि सारिएको छ । हेटौँडालाई साइकल लेनसहितको पैदलमैत्री सहरका रूपमा विकास गरिने उल्लेख छ ।

सहीखबर

फिचर/सहीवार्ता/ विविध

२०८३ जेठ १४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

विपद प्रतिकार्यबारे नमुना प्रदर्शनी



○सहीखबरसंवाददाता

मकवानपुर । मौसमी प्रतिकुलतामा गर्नुपर्ने उद्धार कार्यबारे श्री गोरख बहादुर गणा सुपारेढारले डेमो प्रर्दशन गरेको छ ।

नेपाली सेनाको नेतृत्वमा शसस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला जनस्वास्थ्य कार्यलय मकवानपुर सहितको संयुक्त टोलीले आज मकवानपुरको मिमफेदी ४ रानीखोला ईलाकामा यस्तो डेमो गरेको हो । "अभ्यास मनसुन ६" विपद् प्रतिकार्य तथा व्यवस्थापन (पहिरो) सम्बन्धी डेमोस्ट्रेसन गरेको हो ।

डेमोस्ट्रेसनमा मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, मिमफेदी गाउँपालिका ४ का वडा अध्यक्ष सागर पाण्डे, गोरख बहादुर गणाका गणपति रविन्द्र कुमार श्रेष्ठ, शसस्त्र प्रहरी उपरीक्षक निवन खड्का, जिल्ला रेडक्रस सोसाइटीका प्रतिनिधीहरू, जिल्ला जनस्वास्थ्य कार्यलयका प्रतिनिधिको उपस्थिती रहेको थियो ।

डेमोस्ट्रेसनमा वाराही माध्यमिक विद्यालयका शिक्षक, विद्यार्थीहरुलगायत स्थानीयहरूले मनसुन प्रतिकार्यबारे ज्ञान हासिल गरेको गोरख बहादुर गणाका गणपति श्रेष्ठले बताउनु भयो ।

डेमोस्ट्रेसनमा पहिरोको काल्पनिक कथावस्तु तयार गरी पहिरोमा फसेका घाइतेहरुको उद्धार बारे जानकारी गराइएको थियो । स्थानीय स्रोत साधनहरूको प्रयोग गरी उद्धार सामग्री मार्फत उद्धार गरिएको थियो । जसले स्थानीय सामग्रीबाट पनि उद्धार गर्न सकिन्छ भन्ने व्यवहारिक ज्ञान हासिल गरेका थिए ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले स्थानीयलाई प्रदान गरिने ज्ञान र सिप आपत पर्दा उपयोगी हुने बताउनु भयो ।

शक्तिशाली राष्ट्र भवनले नभई मानवताको सम्मानले बन्छ: देवकोटा



○सहीखबरसंवाददाता

मकवानपुर । बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले शक्तिशाली राष्ट्र भवनले नभई मानवताको सम्मानले बन्ने बताउनु भएको छ ।

'समृद्ध समाज भौतिक पूर्वाधारले होइन, न्यायले चिनिन्छ, सभ्य देश त्यो हो, जहाँ सबैभन्दा कमजोर नागरिकले पनि आफू सुरक्षित महसुस गर्छ' प्रदेश प्रमुख देवकोटाले भन्नुभयो ।

जीवन मर्यादा समानता र स्वतन्त्रताको अधिकार दीगो शान्ति र समृद्धिको आधार भन्ने नाराका साथ राष्ट्रिय मानव अधिकारको ३६ औ वार्षिक उत्सव विशेष कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो ।

आयोग बागमती प्रदेशले आयोजना गरेको वार्षिकोत्सव कार्यक्रममा बागमती प्रदेश प्रमुख देवकोटाकोले मानव अधिकार प्रत्येक मानवको जन्मसिद्ध अधिकार भएकोले कुनै व्यक्ति शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराहरुबाट वञ्चित हुन नहुने बताउनुभयो ।

'कुनै महिला हिंसाको शिकार हुन्छिन्, कुनै नागरिक अन्यायमा पर्छ, कुनै व्यक्ति फरक पृष्ठभुमि भएकै कारणले विभेदको शिकार हुन्छ, त्यतिबेला केवल एउटा व्यक्ति पीडित हुँदैन,पुरै राष्ट्रको आत्मा आहत हुन्छ' देवकोटाले भन्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगले विगत ३६ वर्षदेखि पीडाको आवाज सुन्ने, अन्यायको विरूद्ध उभिने र मानवताको पक्षमा दृढतापूर्वक बोल्ने ऐतिहासिक जिम्मेवारी निर्वाह गर्दै आएकोमा देवकोटाले आयोगप्रती आभार व्यक्त गर्नुभयो ।

'आयोग केवल एउटा संवैधानिक निकाय होइन, यो नागरिकको आशा र न्यायप्रतिको विश्वासको प्रतीक हो' उहाँले भन्नुभयो। विश्व तीव्र परिवर्तनको यात्रामा रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो 'विकास तीव्र छ, तर मानव संवेदनशीलता कमजोर हुँदै गएको चुनौती पनि हामीसामु छ ।'

सामाजिक संजाल र एआइको प्रयोग बढेसङ्गै मानव अधिकार हननका रुप फेरिने र दायरा बढ्ने जोखिम बढेको उहाँको धारणा थियो । 'यस्तो अवस्थामा मानव अधिकारको रक्षा गर्नु भनेको केवल कानुन पालन गर्नु होइन, मानवता जोगाउनु हो' उहाँले भन्नुभयो।

आयोगको बागमती प्रदेश कार्यालयम आर्थिक वर्ष २०८२/८३ मा हालसम्म नागरिक तथा राजनीतिक अधिकार अन्तरगत ८ वटा, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारमा ४ वटा, यातना तथा क्रुर अमानवीय व्यवहार विरूद्धको अधिकारमा १ वटा, बाल अधिकार सम्बन्धी १, महिला अधिकार १, आप्रवासी कामदारहरूको अधिकार मा १, ज्येष्ठ नागरिकको अधिकारमा १, आदिवासी जनजातिको अधिकारमा १ वटा उजुरी गरी जम्मा १९ वटा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेको आयोगका निमित्त प्रमुख चन्द्रकान्त चापागाँईले बताउनुभयो।

आयोगको यस बागमति प्रदेश कार्यालयमा मौजुदा उजुरी ५२० र यस वर्षको १९ उजुरीहरूसमेत गरी ५३९ उजुरी रहेको उहाँले बताउँनु भयो । आयोगका अनुसार यो अवधिमा विविध सवालमा आयोगमा आउने ६६ जना सेवाग्राहीहरूलाई परामर्श प्रदान गरि पठाइएको छ ।

जसमा ४६ जना पुरूष र १९ जना महिला साथै १ जना यौनिक तथा लैंगिक अल्पसंख्यकका रहेका थिए ।

त्यसैगरी ३ जना महिला र १ जना बालकलाई स्थानिय प्रहरी प्रशासन एवम् संञ्चारकर्मी तथा अधिकारको क्षेत्रमा कृयाशिल संस्था समेत सँगको समन्वय तथा सहकार्यमा निजहरूकै घरमा पून:स्थापित गराउने कार्य भएको छ ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव खुबिराम अधिकारीले मानव अधिकारको लागि प्रदेश सरकार सदा प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा आन्तरिक मामिला सचिव कृष्ण बहादुर शाहि, गैससस मकवानपुर अध्यक्ष रमिला सापकोटालगायत विभिन्न सामाजिक संस्थाको प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको मानव अधिकार अधिकृत कृष्णप्रसाद मिश्रले बताउनुभयो ।

भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY,
PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्ष प्रमाणपत्र तहमा CTEVT बाट मान्यता ३० वर्ष देखि संचालित यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
भर्नाहुने कार्यक्रमहरू
PCL General Medicine (HA)
PCL Lab Technology
PCL Radiography
PCL Physiotherapy
CTEVT को प्रवेश परिक्षा उतीर्ण विद्यार्थीहरू यस इन्स्टिच्युट मा भर्ना हुन सक्ने छन
फारम वितरण मिति: २०८३/०१/२९ गते मंगलबार देखि
फारम बुझाउने अन्तिम मिति: २०८३।०२।१३ गते
बुधबार बेलुका ४:३० सम्म
मकवानपुर टेक्निकल इन्स्टिच्युट
हेटौडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

- समयमा कर तिरौं,
- वातावरणीय सरसफाइमा ध्यान दिऔं,
- पानी खेर नफालौ,
- हरियाली प्रवर्द्धन गरौं,
- सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
- बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीखबर

वातावरणीय तथा सामाजिक उत्थानशीलता परियोजना

○सहीखबर संवाददाता

मकवानपुर । बहुराष्ट्रिय कम्पनी युनिलिभर नेपाल लि. को संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गतको आर्थिक सहयोग तथा राडो (ट्वम्ड) नेपालसँगको सहकार्यमा हेटौँडा उपमहानगर पालिका ३ मा 'सरोकारवालाको सहभागितामा वातावरणीय तथा सामाजिक उत्थानशीलता सुदृढीकरण' परियोजनाको औपचारिक सुरूवात गरिएको छ।

गत जेठ ४ गते (मे १८, २०२६) स्थानीय सरोकारवालाहरुको उपस्थितिमा यो एकीकृत कार्यक्रमको शुभारम्भ गरिएको हो। कृषि, जलस्रोत संरक्षण, र जलवायु अनुकूलनलाई मुख्य प्राथमिकतामा राखेर सुरू गरिएको एकवर्षे परियोजनाले हेटौँडा ३ का सरस्वती कुना, सिमलथली, राजदेवी, राईटोल र मिलनटोल लगायतका क्षेत्रका करिब १ हजार घरधुरीलाई प्रत्यक्ष लाभान्वित तुल्याउने लक्ष्य राखेको छ।

राडो नेपालका अध्यक्ष डा. कृष्ण धितालका अनुसार करिब १ करोड रूपैयाँको लागत अनुमान गरि ... ण, खानेपानी बहुआयामी क्षेत्रहरुमा निम्न मुख्य काम सुरू भइसकेको छ । जसमा जल संकलन तथा पुनर्भरण संरचना माटो तथा चिसोपना संरक्षण बहुउद्देश्यीय वृक्षारोपण तथा घाँस व्यवस्थापन फलफूल प्रवर्द्धन तथा बाँदर नियन्त्रक बाली प्रणाली जलवायु उत्थानशील कृषि तथा प्राकृतिक खेती जस्ता विषयहरूमा मुख्यगरी काम गरिनेछ ।

कुन क्षेत्रमा काम कसरी हुनेछ

जल संकलन तथा पुनर्भरण संरचना: सिमलथली, मिलनटोल, राईटोल, राजदेवी र सरस्वती कुनामा खानेपानी प्रणालीको मर्मत सम्भार तथा फिल्टरेशन/पर्कोलेसन संरचना निर्माण गरी करिब ७५० घरधुरीलाई स्वच्छ खानेपानीको पहुँच पुर्याइनेछ। साथै, माटोको चिस्यान संरक्षणमा जोड दिँदै ६ हेक्टर पुनर्भरण क्षेत्र समेट्ने गरी रिचार्ज पिट तथा लघु संरचनाहरु निर्माण गरिनेछ।

माटो तथा चिसोपना संरक्षण: बसामाडी सामुदायिक वन र अन्य क्षेत्रमा कन्टुर ट्रेन्च तथा पानी संरक्षणका स साना योजनाहरु अघि बढाइनेछन्।

बहुउद्देश्यीय वृक्षारोपण तथा घाँस व्यवस्थापन: पर्यावरण संरक्षणका लागि बसामाडी सामुदायिक वनमा मात्र नभई किसानहरुको निजी जग्गामा समेत स्थानीय जलवायु र आवश्यकता अनुकूल विभिन्न प्रजातिका घाँस तथा फलफूल उपयोगी बिरूवाहरु रोप्ने कार्यको थालनी गरिनेछ । यस अन्तर्गत कृषकहरुको माग र भूबनोट अनुसारका विभिन्न प्रजातिहरु समेटिएका छन्।

फलफूल प्रवर्द्धन तथा बाँदर नियन्त्रक बाली प्रणाली: किसानहरुको आयआर्जन बढाउन विभिन्न प्रजातिका फलफूलका बिरूवाहरु वितरण गरिनुका साथै पछिल्लो समय मुख्य समस्याको रुपमा रहेको वन्यजन्तु (विशेष गरी बाँदर) को ओहरदोहर र क्षतिलाई न्यूनीकरण गर्ने खालका विशेष वनस्पति, प्रतिरोधात्मक बिरूवा तथा वैकल्पिक बालीहरुको खेतीलाई प्रोत्साहन गरिनेछ।

जलवायु उत्थानशील कृषि तथा प्राकृतिक खेती: सिमलथली, राईटोल, मिलनटोल र बौराटार क्षेत्रका १०० मन्दा बढी किसानलाई समेटेर १० हेक्टर खेतीयोग्य जमिनमा सुधार गरिनेछ। यसका लागि ३ वटा फिल्ड स्कुल, करेसाबारी प्रवर्द्धन, र माटोको स्वास्थ्य सुधारका कार्यक्रमहरु तय गरिएका छन्।


कार्यक्रमको शुभारम्भ गर्दै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले वास्तविक तल्लो तहका किसानहरुको आवश्यकता पहिचान गरी कार्यक्रम ल्याएकोमा खुसी व्यक्त गर्नुभयो। सरकारी र निजी क्षेत्रको सहकार्य अपरिहार्य रहेको उहाँले बताउनुभयो । कार्यक्रमको उद्घाटन समारोहमा "सरकारले प्रत्याभूति गर्ने भनेको समाजको उद्गम तहमा पुगेर हो, जहाँ जे आवश्यकता छ, त्यहाँ त्यही गर्नुपर्छ," प्रमुख घलानले भन्नुभयो, "स्थानीय बासिन्दाको वास्तविक हितका लागि निजी र गैरसरकारी क्षेत्रले स्थानीय सरकारका प्राथमिकता क्षेत्रमा सहकार्य गर्नुपर्छ।"

त्यस्तै, हेटौँडा उपमहानगरपालिका वडा नम्बर ११ की अध्यक्ष जुना दाहालले कृषि क्षेत्रलाई प्राथमिकता दिएर ल्याइएको यस एकीकृत कार्यक्रमले स्थानीय किसानहरुको आर्थिक जीवनस्तर उकास्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले स्थानीय सरकारका तर्फबाट यस प्रकारका दिगो विकासका कार्यक्रमहरुमा सधैं हातेमालो र पूर्ण सहयोग रहने प्रष्ट पार्नुभयो।

कार्यक्रममा युनिलिभर नेपाल लि. का उद्योग प्रबन्धक सञ्जय भट्टचार्यले विकास सहकार्यका लागि औद्योगिक क्षेत्र तत्पर रहेको बताउनु भयो । "उद्योग र कर्पोरेट क्षेत्र समाजभन्दा भिन्न नरहेको उल्लेख गर्दै जनसमुदायको हित र समृद्धि नै युनिलिभरको हित भएको बताउनुभयो। वास्तविक आवश्यकता पहिचान गरेर सही ठाउँमा बजेट परिचालन गर्न र सो बजेटलाई यथार्थ आवश्यकता सम्बोधन गर्ने तहसम्म पुर्‍याउन जोड दिनुभयो"

सोही अवसरमा युनिलिभरका कानुनी सल्लाहकार र कम्पनी सचिव गोबिन्द शाहीले औद्योगिक क्षेत्र र संस्थागत सामाजिक उत्तरदायित्वको मूल मर्ममाथि प्रकाश पार्दै भन्नुभयो, "नेपाल सरकार र स्थानीय जनताको वस्तुपरक आवश्यकता तथा हित जे कुरामा छ, हामी हाम्रो कोषलाई त्यही क्षेत्रको दिगो समुन्नति र हितका लागि परिचालन गर्न सधैं प्रतिबद्ध छौं।"

समारोहमा युनिलिभर नेपालका पवन कुमार, आयुष शर्मा, प्रमोद मेहर, रवीन्द्र यादव, प्रेम सेठी, बिनोद बजगाईं हारून रशीद, अभिषेक बारिया लगायतको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा हेटौँडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टले बहु सरोकारवाला साझेदारी र





पारदर्शी कार्यान्वयनमा सरोकारवालाको जोड दिनुभयो ।

उद्योगले छरिएका माग र स्वार्थहरु सम्बोधन गर्नुभन्दा यस प्रकारको संस्थागत साझेदारी अघि बढाउनु महत्वपूर्ण हुने बताउनुभयो। विष्टले भन्नुभयो, "यस प्रकारको संस्थागत साझेदारी नै आगामी यात्राका लागि बहु सरोकारवालाको शक्ति र सहकार्यको एउटा बलियो सुरूवात हो।"

त्यस्तै, हेटौँडा उपमहानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख डा. मिम तिमल्सिनाले यसअघि 'एम प्याक' मार्फत छलफल गरिएका योजनाबद्ध पहलहरु सकारात्मक दिशामा अघि बढेकोमा जोड दिनुभयो। डा. तिमल्सिनाले भन्नुभयो, "हामीले बैठक र विभिन्न चरणमा छलफल गरेका नवप्रवर्तनकारी सोचहरु कार्यान्वयनको चरणमा पुगेका छन्। पारदर्शी परियोजना कार्यान्वयनमार्फत उत्कृष्ट नतिजा हासिल गर्न उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा सदैव सहयोगी भूमिकामा रहनेछ।"

प्राविधिक सहयोग र खानेपानी व्यवस्थापन माग

स्थानीय सेवाग्राहीहरु इन्दिरा लामिछाने र सुजन न्यौपानेले जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा अनपेक्षित चुनौतीहरु थपिएको तर्फ ध्यानाकर्षण गराउनुभयो। उहाँहरुले परियोजनालाई थप प्रभावकारी बनाउन गाउँमै कृषि जेठिएको स्थायी व्यवस्था गरिदिन र खानेपानी प्रणालीको दिगो व्यवस्थापनमा समेत स्थानीय तहमा थप सहायता उपलब्ध गराउन माग गर्नुभयो।

राडो नेपालले यो एकवर्षे प्रारम्भिक योजनाको प्रभावकारिता, सरोकारवालाहरुको प्रतिक्रिया र पार दर्शी परिणामका आधारमा आगामी दिनमा यस कार्यक्रमको समयावधि थप गरेर अझ बृहत् रुपमा लैजान सकिने सकारात्मक संकेत दिएको छ। कार्यक्रमको अवसरमा उपस्थित स्थानीय किसानहरुलाई तरकारीका विभिन्न प्रजातिका उपयोगी बोटबिरूवाहरु समेत वितरण गरि परियोजनाको शुभारम्भ गरिएको थियो।

सुरक्षा स्थायित्व र समृद्धिको पर्याय . . .

भन्नुभयो "अब जग्गा अधिग्रहणको समस्या समाधान प्रक्रियामा रहेको छ ।" मुख्य समस्या आयोजनाको प्रस्थानबिन्दुको जग्गा अधिग्रहण र मुआब्जा वितरण बाँकी हुदा झमेला भएको छ । प्राकृतिक प्रकोपलगायत कारणले बेला बेलामा आउने गरेको आयोजनाको मार्ग परिवर्तन (एलाइमेन्ट चेन्ज) को विषयले समेत केही ढिलाइ हुने गरेको उहाँले बताउनुभयो ।

यसीयन हाइ वे को मापदण्ड अनुसार 'वाल प्रोटेक्सन' का लागि एउटा डन्डी ३० मिटरसम्म पुऱ्याउनु पर्ने । त्यसै गरी जमिनको अवस्था पनि फरक किसिमको भएको हुनाले बेला बेलाको प्रकृतिक प्रकोपले काम अवरूद्ध हुने गरेको बरूनेतले बताउनु भयो ।

नेपाली सेनाले २०७४ सालमा द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा पाए पनि अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्त गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरेर वास्तविक निर्माण कार्य २०७८ जेठबाट मात्रै सुरू गरेको थियो ।

छ सय जनालाई रोजगारी

फास्ट ट्र्याक निर्माणको क्रममा अहिले स्थानीयहरू मात्रै झण्डै ६०० जनाको सङख्यामा यहाँ रोजगार पाइरहेका छन् । स्थानीय क्षेत्रको विकास निर्माणले स्थानीयको जनजीविकामा पनि प्रभाव पार्दछ भन्ने यो उदाहरण रहेको बताउँछन् आयोजना प्रमुख झा । फास्ट ट्र्याकको इन्टरचेञ्ज क्षेत्रमा पनि बजार विस्तारको क्रममा रहेको र यसले पनि स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ ।

आयोजनाको विकास क्रम

२०७४ वैशाख २१ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रिय गौरव एवं रणनीतिक महत्व बोकेको यो आयोजनाको निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाइ प्रदान गरिएको थियो । २०७४ जेठ २ गते परामर्शदातासँग सम्झौता भएको थियो भने २०७४ जेठ १४ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको निजगढमा फास्ट ट्र्याकको शिलान्यास गर्नुभएको थियो ।

विसं २०७४ साउन २७ गते सडक विभागबाट नेपाली सेनालाई आयोजना हस्तान्तरण भएको थियो । सोही वर्ष मङ्सिरदेखि नेपाली सेनाको जनशक्ति तथा राष्ट्रियस्तरका निर्माण व्यवसायीमार्फत द्रुतमार्गको ट्र्याक निर्माणको काम थालिएको थियो ।

२०८० वैशाखमा आयोजना सम्पन्न हुने समयावधि बढाएर २०८३ चैत मसान्तसम्म पुऱ्याइएको थियो । त्यस्तै, २०८० साउनमा आयोजनाको परिमार्जित विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भएको थियो ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८० साउन ३० गते स्वीकृत भएको आयोजनाको परिमार्जित विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बमोजिम आयोजनाको परिमार्जित कुल लम्बाइ ७०.९६६ किलोमिटर छ ।

यो आयोजनाको प्रस्थान विन्दु खोकना हो भने अन्तिम विन्दु निजगढ हो । विसं २०७८ वैशाख ३१ गते प्याकेज नम्बर १ र २ को निर्माण व्यवसायीसँग पहिलो अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट सम्झौता भई जेठ ३१ गतेदेखि निर्माण सुरू गरिएको थियो ।

दुर्घटनमा मजदुरको मृत्यु

मकवानपुरको भीमफेदी गाउँपालिका ८ महादेवटारस्थित काठमाण्डौं तराई मधेश द्रुतमार्ग अन्तर्गतको सुरूङ निर्माणस्थलमा काम गर्ने क्रममा एक कामदारको मृत्यु भएको छ ।

दुर्घटनामा अर्का एक जना घाइते भएका छ । सोमबार राती राति करिब ९:४५ बजेको समयमा सुरूङभित्र काम गरिरहेका बेला प्रयोग हुने रिपिट तथा ढुङ्गा (फलामबाट बनेको उपकरण) खसेर लाग्दा बर्दिया घर भएका ३० वर्षीय रामगोपाल चौधरी गम्भीर घाइते भएका थिए । साथै, थाहा नगरपालिका ५ सानोपाखा बस्ने अन्दाजी ३२ वर्षीय सन्तोष बम्जनको दाहिने हातमा सामान्य चोट लागेको प्रहरीले जनाएको छ ।

दुवै घाइतेलाई उपचारका लागि चुरेहिल अस्पताल, मकवानपुर लगिएको थियो । अस्पतालमा राति ११:३५ बजे पुगेका चौधरीको उपचारकै क्रममा ११:४० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घाइते बम्जनको सोही अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे जानकारी प्राप्त हुनासाथ प्रहरी टोली अनुसन्धानका लागि घटनास्थलतर्फ गएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उक्त घटनास्थल इलाका प्रहरी कार्यालय हिंगनबाट करिब ११ किलोमिटर उत्तर क्षेत्रमा पर्छ । प्रहरीका अनुसार मृतकको शव हेटौंडा अस्पताल ल्याउने तयारी भइरहेको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

भर्ना खुल्यो! भर्ना खुल्यो !

3 YEARS

HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता ३० वर्ष देखि संचालित यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

भर्नाहुने कार्यक्रमहरू

PCL General Medicine (HA)
PCL Lab Technology
PCL Radiography
PCL Physiotherapy

CTEVT को प्रवेश परिक्षा उतीर्ण विद्यार्थीहरू यस इन्स्टिच्युट मा भर्ना हुन सक्ने छन

फारम वितरण मिति: २०८३/०१/२९ गते मंगलबार देखि
फारम बुझाउने अन्तिम मिति: २०८३।०२।१३ गते
बुधबार बेलुका ४:३० सम्म

मकवानपुर टेक्निकल इन्स्टिच्युट
हेटौडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनबारे अनुरोध

डढेलोबाट वन जोगाऔं अमूल्य वन सम्पदाको संरक्षण गरौं

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं । वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ ।

डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं । वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह सरकारी तथा गैह्रसरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकारलगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन कार्यालय,
मकवानपुर

गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौ,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड